प्रदेश सरकार
लुम्बिनी प्रदेश
आर्थिक मामिला तथा सहकारी मन्त्रालय
(बजेट, योजना तथा कार्यक्रम महाशाखा)
मुकामः बुटवल, नेपाल

☏:०७१-५४००२९
०७१-५५०००३
०७१-५५००६३

पत्र संख्या : ०७८/७९(ब.का. शाखा)
चलानी नं. : 226

मितिः २०७८।०६।२२

विषयः खरिद सम्झौताको म्याद थप गर्ने सम्बन्धमा ।

श्री सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय,
लुम्बिनी प्रदेश।

कोभिड-१९को पहिलो तथा दोस्रो लहर नियन्त्रणको लागि जारी भएको बन्दाबन्दी तथा निषेधाज्ञा जारी हुनु पूर्व वा आदेशको अवधिभित्र सम्झौता भएका तर त्यस्तो बन्दाबन्दी वा निषेधाज्ञाको कारण काम सम्पन्न हुन नसकेका चालु अवस्थामा रहेका आयोजना तथा निर्माण कार्यमा भएका खरिद सम्झौताको म्याद बढीमा २०७८ चैत्र मसान्तसम्म थप गर्न सकिने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७८/०५/०३ मा निर्णय भएको सन्दर्भमा सोही प्रकारको व्यवस्था प्रदेशको हकमा समेत लागु गर्न आवश्यक भएको भनी भौतिक पूर्वाधार विकास मन्त्रालयबाट समेत अनुरोध भई आएकोले देहाय बमोजिम गर्ने/गराउने व्यवस्था हुन माननीय मन्त्रीस्तरको मिति २०७८/०६/२२ को निर्णय अनुसार अनुरोध छः-

क) कोभिड-१९ को पहिलो तथा दोस्रो लहर नियन्त्रणको लागि जारी भएको बन्दाबन्दी तथा निषेधाज्ञा जारी हुनु पूर्व वा आदेशको अवधिभित्र सम्झौता भएका तर त्यस्तो बन्दाबन्दी वा निषेधाज्ञाको कारण काम सम्पन्न हुन नसकेका चालु अवस्थामा रहेका खरिद सम्झौताको म्याद सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यावसायी, सेवा प्रदायक वा परामर्शदाताको निवेदनका आधारमा बोलपत्र स्वीकृत गर्ने पदाधिकारीले म्याद थपको आवश्यकता र औचित्य विश्लेषण गरी प्रदेश सरकारलाई थप लागत वा दायित्व नपर्ने र म्याद थप बापत आर्थिक वा अन्य कुनै दायित्व नपर्ने गरी त्यस्तो खरिद सम्झौताको म्याद बढीमा २०७८ साल चैत्र मसान्तसम्म थप गर्ने ।

ख) बुँदा क) बमोजिम म्याद थप गर्नुपर्ने देखिएमा सम्झौताको म्याद थप सम्बन्धी निर्णय एक महिनाभित्र गरी सो को जानकारी सम्बन्धित मन्त्रालय, आयोग, सचिवालयको सचिव वा लेखा उत्तरदायी अधिकारीलाई दिने । सम्बन्धित मन्त्रालय, आयोग, सचिवालयको सचिव वा लेखा उत्तरदायी अधिकारीले उपर्युक्त बमोजिम समयमा निर्णय गरे, नगरेको सम्झौता म्याद थप भएपछि समयमा काम सम्पन्न भए नभएको, सम्झौता बमोजिमको काम सम्पन्न भएपछि समयभित्र फरफारक

अधिकृत सातौं

प्रदेश सरकार
लुम्बिनी प्रदेश
# आर्थिक मामिला तथा सहकारी मन्त्रालय
(बजेट, योजना तथा कार्यक्रम महाशाखा)
मुकामः बुटवल, नेपाल

☎:०७१-५४००२९
०७१-५५०००३
०७१-५५००६३

पत्र संख्या : ०७८/७९ (ब.का. शाखा)
चलानी नं. :

गरे नगरेको र काम सम्पन्न नभएका सम्झौताको सम्बन्धमा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको कारबाही समयमै गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गर्ने र सो को प्रतिवेदन मासिक रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा सहकारी मन्त्रालय र प्रदेश योजना आयोगलाई दिने ।

०७८/०६/२२
...........................
(मोहन पाण्डे)
अधिकृत सातौं
अधिकृत सातौं